**भजनी त्रिशक्ति नगरपालिकाका कार्यकारी अधिकृत श्री धर्मानन्द भट्ट द्धारा नगरपालिकाको तेश्रो नगर परिषद्बाट पारित आ.ब.२०७४।०७५ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य**

**२०७३।०९।२२ गते**

आदरणीय प्रमुख अतिथि माननीय सिंचाई मन्त्री श्री दीपक गिरी ज्यू, विशिष्ट अतिथी पुर्व माननीय श्री मोहनराज मल्ल ज्यू,विशिष्ट अतिथी श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू, विशिष्ट अतिथी श्रीमान् स्थानीय विकास अधिकारी ज्यू , विभिन्न राजनितिक दलका जिल्ला तथा नगरस्तरिय प्रमुख एवम् प्रतिनीधी ज्यूहरु , जिल्ला स्तरिय सरकारी कार्यालय प्रमुख तथा प्रतिनिधि ज्यूहरु , जि.वि.स.पूर्व सभापति, उपसभापति तथा सदस्य ज्यूहरु, साबिकका पूर्व जनप्रतिनिधी ज्यूहरु, नगर स्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि ज्यूहरु , नगर स्थित सुरक्षा निकायका प्रमुख ज्यूहरु, एकिकृत योजना तर्जुमा समितिका सदस्य ज्यूहरु, क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष ज्यू, क्याम्पस प्रमुख ज्यू ,उद्योग वाणिज्य संघ एबं बजार व्यवस्थापन समितिका अध्यक्ष ज्यू , विद्यालय व्यस्थापन समितिका अध्यक्ष ज्यूहरु
सामुदायिक बन समन्वय समितिका अध्यक्ष ज्यू , नेपाल रेडक्रस सोसाईटी उपशाखा लालबोझी, भजनी र खैलाडका सभापति ज्यूहरु , विधालयका  प्राचार्य एव् प्रधानाध्यापक ज्यूहरु, सामुदायीक बनका अध्यक्ष एबं प्रतिनिधी ज्यूहरु , विभिन्न गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, सञ्चारकर्मी मित्रहरु,वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रका संयोजक एवम् प्रतिनिधि ज्यूहरु, उद्योगी व्यवसायीज्यूहरु, बुद्धिजिवी समाजसेवी, नागरिक समाज, महिला, दलित, जनजाति, कृषक ,फरकपन भएका व्यक्ति तथा बालबालिका ,जातिय ,वर्गिय संगठनबाट प्रतिनिधित्व गर्नुहुने प्रतिनिधि ज्यू लगायत उपस्थित सम्पुर्ण महानुभाव ज्यूहरुमा नगरपालिकाको आमन्त्रणलाई स्वीकार गरि आफनो अमुल्य समय दिई पाल्नु भएकोमा यहाँहरु प्रति हार्दिक आभार प्रकट गर्दछ ।

सर्वप्रथम , यस नेपाल राज्यको अखण्डता र स्वाधिनताका लागि आफ्नो अमूल्य जिवन आहुती गर्ने ज्ञात अज्ञात बिर सहिद प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्न चाहन्छु ।

नगरपालिकाको छोटकरी चिनारी

कैलाली जिल्लाको दक्षिण पूर्वमा अवस्थित यस भजनी त्रिशक्ती नगरपालिकाको कुल क्षेत्रफल १४२.०२ वर्ग.कि.मि., जनसंख्या ३८,१४९ रहेको छ ।  प्राकृतिक सम्पदाको धनी यो नगरपालिका भारतको प्रसिद्घ दुधुवा राष्ट्रिय निकुञ्ज देखी चुरे पर्वत मालासंग जोडिएको नेपालको एक मात्र जैविक मार्गको रुपमा रहेको बसन्ता कोरीडोर क्षेत्रको अधिकांश भुभाग यसै नगरपालिका भित्र पर्दछ । तालैतालको नगरपालिकाको रुपमा परिचीत यो नगरपालिकामा लौकाह-भौकाह, घोरताल, सोनीया, रुपिया, नुक्ली ताल, पुरैना ताल जस्ता धेरै ताल तलैयाहरु नगरपालिका क्षेत्रमा अवस्थित छन् । डल्फिन संरक्षित क्षेत्र र नेपाल भारतको सीमाना नदी मोहनाको किनारामा रहेको यो नगरपालिका जलचर संग सम्बन्धित व्यवसायका लागि उत्तम क्षेत्र रहेको छ । काँढा, कान्द्रा, मोहना जस्ता नदी रहेका छन् । यस नगरपालिकाको पुर्वमा जोशीपुर, थापापुर र नारायणपुर गा.वि.स.हरु पश्चिममा रतनपुर, हसुलिया गा.वि.स.हरु उत्तरमा पहलमानपुर गा.बि.स. एवं घोडाघोडी नगरपीलका र दक्षिणमा मित्र राष्ट्र भारत रहेका छन । नेपालको लोपोन्मुख राजी जातिको सबभन्दा बढी बस्ति यसै नगरपालीकामा पर्दछ । यस नगरपालिका भित्र  प्रसिद्ध महन्याल देवताको मन्दिर, हलौना बाबा मन्दिर, माँशक्ति स्वरुपा मन्दिर आदी रहेका छन् । जोशीपुर-लालबोझी सडक विस्तार, हुलाकी सडक विस्तार निर्माणाधिन रहेको छन् । प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माणाधिन रहेको छ ।

आदरणिय प्रमूख अतिथि ज्यू, विशिष्ट अतिथी ज्यूहरु लगायत अतिथी महानुभाव ज्यूहरु, यस नगरपालिकाको समग्र प्राकृतिक, सामाजिक, आर्थिक ,राजनैतिक अवस्थाहरुलाई मध्यनजर गरि यहाँहरुकै सहभागिता ,जनजिवन र जनजिविकाका समग्र पक्षहरुलाई दृष्टिगत गरी नगरपालिकाको तेस्रो नगर परिषद्को नीति, कार्यक्रम तथा बजेट विनियोजन तयार गरिएको छ ।
स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ अनुसार नगरपालिका आफैमा स्थानीय सरकारको रुपमा रहेको हुनाले जनतालाई सेवा सुबिधा दिने कार्यमा आफ्नो कर्तव्य र जिम्मेवारी महशुस गर्दै निरन्तर रुपमा कर्तव्य पालना गर्ने प्रतिबद्धता यस अवसरमा गर्न चाहन्छु ।

**आ.व. २०७४/०७५ को बजेट तर्जुमाका आधार र प्रमुख नीतिहरु तथा कार्यक्रमहरु ।**

**बजेट तथा कार्यक्रम तर्जुमाका आधारहरु :**

१. स्थानीय स्वायत्त शासन ऐन २०५५, र नियमावली, २०५६ ।
२. राष्ट्रिय योजना आयोगको चालु त्रिबर्षिय योजना ।
३. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्य बिधि २०६९ (पहिलो संशोधन्) ।
४.संघीय मामिला तथा स्थानयि विकास मन्त्रालयबाट प्राप्त निर्देशनतथा बजेट सिलिंगहरु) ।
५.स्थानीय निकाय संग सम्बन्धित बाताबरण, बालबालीका, लैंगिक मुल प्रबाहीकरण तथा सामाजिक समाबेशीकरण, स्थानीय शासन तथा उत्तरदायी संयन्त्र, बिपद व्यवस्थापन, क्षमता अभिबृद्धि र सशक्तिकरण कार्यबिधिहरु एबं रणनीतिहरु ।
६. बिगतमा सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, सार्वजनिक सुनवाई मार्फत राजनैतिक दलहरु, सेवाग्राही जनसमुदाय, नागरिक समाज, मिडिया आदी बाट प्राप्त राय सल्लाह, सुझाबहरु । र
७.समकक्षी नगरपालीकाका बिगतका बजेट, नीति तथा कार्यक्रमहरुको तर्जुमा प्रक्रियाहरु समेतलाई बजेट, नीति तथा कार्यक्रमका आधारहरु मानिएको छ ।

## नीति तथा कार्यक्रमहरु :

**शहरी विकास संम्बन्धी नीति तथा रणनीति**

१. जनसहभागिताको आधारमा भजनी त्रिशक्ति नगरपालिकाका वार्डहरुमा वार्ड भेलाबाट प्राथमिकिकरण एबं  एकिकृत योजना तर्जुमा समितिबाट पारित भएका योजना तथा कार्यक्रम समाबेश गर्ने नीति लिईएको छ ।

२. राज्यले प्राथमिकता दिएका सहभागिता तथा समावेशी नीतिलाई प्राथमिकताका साथ पालन गर्ने नीति लिईएको छ।
३. लक्षित वर्ग (महिला,बालबालीका, दलित, जनजाती, अपांगता भएका, जेष्ठ तथा असाहय नागरिकहरु) लाई यथोचित बजेट छुट्याई प्रोत्साहित गर्ने नीति लिईएको छ।

४. यस नगरपालीका क्षेत्रभित्र निर्माण हुने व्यक्तिगत वा सार्वजनिक भवन आदी संरचनामा भबन संहिता गत आ.व. देखि नै अनिबार्य लागू गरि घर नक्सालाई अनिवार्य रुपमा पास गर्नुपर्ने प्राबधानलाई कडाईका साथ कार्यान्वयन गर्ने नीति लिईएको छ । सो कार्य अगाडि बढाउन दक्ष मिस्त्रीहरुलाई भुकम्प प्रतिरोधक घरहरु निर्माण गर्न तालिम प्रदान गरिने नीति लिईने छ।

५. लैंगिक समानता र सामाजिक समावेशीकरणको नीतिलाई प्रोत्साहन गरिने छ।

६. भजनी त्रिशक्ति नगरपालीकालाई बालमैत्री नगरको रुपमा अघि बढाउने नीति अनुरुप कार्य अघि बढाईएकोले यसका लागी वालवालिका क्षेत्रमा क्रियाशिल सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग सहकार्य गरिनेछ।

७. भजनी त्रिशक्ति नगरपालिकालाई वातावरण मैत्री नगरको रुपमा स्थापीत गर्न प्लाष्टिक जन्य फोहरहरुको बिकल्प खोज्न प्रोत्साहन गरिने छ, मुख्य राजमार्गको दुबै किनाराहरुमा बृक्षारोपण तथा सुहाउदा फुल रोप्ने र सौन्दर्य नगरको रुपमा परिचीत गराउदै लैजाने नीति अवलम्बन गरिनेछ साथै घरघरमा बगैचा, जुठेन खाडल, भाँडा सुकाउने चाङ आदी अभियानलाई सफल पार्न नगरवासीहरुलाई जनचेतना अभियान संचालन गरिने।

८. नगर क्षेत्रमा उत्सृजित फोहरमैलालाई व्यवस्थित र विसर्जन गर्न सामुहिक उत्तरदायित्व बहन गर्न प्रेरणा गर्ने नीति लिईनुको साथै निजी सार्वजनिक साझेदारीका प्रयास तर्फ अग्रसर हुने नीति अपनाइने छ।नगरपालिकाले Land fill Site को पहिचान गर्ने र त्यसको वाताबरणिय प्रभाव मुल्यांकन समेतको कार्य लाई अगाढि बढाउने नीति लिएको छ।यसका लागी नगर उधोगवाणिज्य कार्यालयसंग सहकार्य गरिनेछ।

९. नगर क्षेत्रमा रहेका खाली एवं खुल्ला जग्गा पहिचान गरि ती क्षेत्रहरुको संरक्षण गर्ने र सो क्षेत्रहरुमा पर्यटन प्रबर्द्धन गर्न र मनोरञ्जनात्मक पार्कहरु स्थापना गरी नगरपालीकाको आन्तरिक स्रोत मजबुत बनाउदै जाने नीति लिईनेछ। साथै नगर क्षेत्रको भोग चलन अर्न्तगत रहने र रहेका घर जग्गा जमिन र प्राकृतिक सम्पदाको संरक्षण सम्बर्द्धन र परिचालन गर्ने नीति रहनेछ।

१०. नगरपालीका व्यवस्थित गर्न भौतिक संरचनाहरुको निर्माण कार्य, नगरपालीकाका शाखाहरु व्यवस्थापन, मानव स्रोत व्यवस्थापन, प्रशासनिक सेवा एबं बिद्युतिय प्रणाली मजबुत बनाउदै नगरपालीकालाई जनताको सेवामा केन्द्रित गर्दै छिटो छरितो सेवा प्रदान गर्ने नीति लिईने छ।

११. पशु वधशाला व्यवस्थापन, बिक्रि बितरणका लागि पूर्वाधार निर्माण गर्न पहल गर्ने पशुस्वास्थ्य कार्यालय र मासु व्यवसायीसंग सहकार्य गर्ने नीति लिईने छ।

१२. विज्ञापन तथा होर्डिंग बोर्ड बाट नगर क्षेत्रमा शुद्ध व्यवसायिक सन्देश एबं सामाजमा सकारात्मक सन्देश संम्प्रेशण गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ।

१३. नगर क्षेत्रमा बहु प्रकोपको जोखिमलाई ध्यानमा राखी जोखीमका संभावना, स्थानीय क्षमता र न्युनिकरणका लागी जनचेतना जागरण गर्ने नीति लिईने छ र बिपद व्यवस्थापनका लागि नेपाल रेडक्रस, सुरक्षा निकायहरु, प्रशासन कार्यालय र अन्य सरकारी एबं गै.स.स. हरुसंगको सहकार्यको नीति लिईने छ साथै नगरपालीका लाई बिपद उत्थानशिल बनाउन सहकार्यको नीति अवलम्बन गरिने छ।

१४. राष्टिय सरसफाई रणनीति, २०६८ अनुसार सन् २०१७ सम्म राष्ट्रलाई खुल्ला दिशा मुक्त क्षेत्र बनाउने सरकारको नीति अनुरुप यस नगरका प्रत्येक वार्डहरु लाई खुला दिशा मुक्त अभियानमा लाग्न प्रोत्साहन गरिने छ र चालू आ.ब.को फागुन मसान्तसम्ममा नगरपालीकालाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्न सरोकारवालाहरु संग सहकार्यको नीति अवलम्बन गरिने छ।

१५. नगरपालिका क्षेत्रको समग्र भौतिक विकास निर्माणको कार्यमा सवै सम्वन्धित निकायहरुसंग समन्वय र सहयोग आदान प्रदान गरि यस नगरलाई भौतिक रुपले विकसित र व्यवस्थित नगरका रुपमा रुपान्तरण गरिनेछ।
१६. विकास निर्माण, सामाजिक पूर्वाधारहरु लगायत बिपन्न बर्ग, लिंग, क्षेत्र, जातजाती आदीको विकासको मुल प्रबाहीकरणको लागि प्रचार प्रशार गर्न सहयोग पुऱ्याउने संचारकर्मी पत्रकारहरुलाई प्रोत्साहन गर्ने नीति लिईने छ।

**<u>वित्त तथा श्रोत परिचालन सम्बन्धी नीति रणनीति :</u>**

१७. पर्यटन प्रबर्द्धन तथा व्यवसाय, रोजगारी एबं आय आर्जन तथा भौतिक पूर्वाधार निर्माणमा सार्वजनिक नीजि क्षेत्रको साझेदारी विकास प्रक्रियालाई प्रोत्साहन गर्ने नीति लिईएको छ।

१८. सूचनाको हक सुनिश्चित गर्न नगरपालिकाका कामकार्वाहीहरु सूचना पाटी, सार्वजनिक पत्रपत्रिका, एफ.एम. रेडीयो मार्फत सार्वजनिकीकरण गरिने छ।

१९. नगरपालीकाबाट जुनसुकै भुक्तानी गर्दा नगरपालीकालाई तिर्नु बुझाउनु पर्ने कर दस्तुर शुल्क, अन्य बांकी रकम बुझाएको प्रमाण पेश गरे पछि मात्र भुक्तानी गरिने व्यवस्था लागु गरिने छ।

२०. कृषि कार्यलाई बढावा दिने खालका नीति तथा कार्यक्रमहरु संचालन गरिने छ। बिशेष गरेर तरकारी खेती, अन्न खेती लाई जैविक पद्धतीबाट उत्पादन कार्य गर्न कृषकहरुलाई प्रोत्साहन गरिनुका साथै किटनाशक औषधिको प्रयोगलाई न्यूनिकरण गर्ने नीति लिइएको छ।

२१. सामाजिक परिचालन मार्फत लक्षित तथा बिपन्न बर्ग,युवा, महिला, दलित, जनजाती  एबं अपांगता भएकाहरुलाई विकासको मुल प्रबाहमा ल्याउन सक्रियताका साथ पहल गर्ने र नेतृत्व विकासका लागि सशक्तिकरणको प्रयासबाट राज्यले उपलब्ध गराउने सेवा सुबिधाहरुबाट लाभान्वित गराउदै जाने नीति अवलम्बन गराईने छ ।

२२. कार्यालय तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि क्षमता विकास योजना तयारी गर्ने र सोही अनुरुप क्षमता विकासमा नगरपालीकाले पहल गर्ने नीति लिईने छ ।

२३ नगरपालीका क्षेत्र भीत्र रहेका ताल तलैया एवं पोखरीहरुको संरक्षण र सम्बर्द्धन गर्ने नीति लिईएको छ । र संरक्षित तलाउलाई आन्तरिक आयश्रोतको रुपमा लिईने छ ।

२४. नगर आबधिक र यातायात गुरु योजनालाई कार्यान्वयन गरिने नीति लिइएकोछ ।

२५. नगर क्षेत्र भित्र बिद्युतिकरण कार्यलाई निरन्तरता दिन सडक बत्ती व्यवस्थापन गर्ने नीति लिइएको छ ।
२६. नगरपालिका भित्र विपन्न बस्ती पहिचान गरी प्रत्येक वार्डहरुमा कम्तिमा एउटा नागरिक सचेतना केन्द्र बिस्तार गर्ने नीति लिइने छ ।

२७. नगर सामुदायिक स्वास्थ्य सेवा लागु गरिने छ ।

**<u>सुशासन र संगठन विकास सम्बन्धि नीति तथा रणनीति</u>**

२८. नगरपालिकाद्धारा सञ्चालित योजनाहरुमा पेश्की र बेरुजु शुन्य गर्ने नीति लिइने छ । सो को लागि पेश्की लिई समयमै पेश्की फछ्र्यौट नगर्ने लाई सभा समारोहमा सार्वजनिकीकरण गरिने छ ।
२९. स्थानीय स्वायत्त शासन ऐन नियमको दायरा भित्र रही राजश्व परिचालन लाई व्यवस्थित गर्न राजश्व संकलन कार्य र E- billing system कम्प्युटर प्रणाली मार्फत गर्ने नीति बमोजिम चालु आ.व. लागु गरिएकोछ । आगामी आ.व.बाट जन्म, मृत्यु, विवाहदर्ता जस्ता व्यक्तिगत घटनाहरुलाई MIS प्रणलीबाट शुरु गरी सेवा प्रदान गरिनेछ ।

३०. छाडा पशु चौपायाहरुलाई व्यवस्थित गर्न नेपाल प्रहरी, उद्योग बाणिज्य संघ र अन्य सरोकारवालाहरुसँग समन्वय गरी नियन्त्रण गर्ने नीति अवलम्बन गरिने छ ।

३१. ऐतिहासिक, पुरातात्वतिक सास्कृतिक महत्वका स्थलहरुको संरक्षण तथा उपयोग गर्ने नीति अपनाईने छ ।
३२. नगरपालिकामा नागरिक वडा पत्र (Citizen Charter) बनाई कार्यान्वयनमा ल्याइनेछ । नगरपालिकाको Website मा  हरेक सूचनालाई राखीनेछ । न.पा. बाट भए गरेका गतिविधी र आम्दानी खर्चको त्रैमासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ । न.पा. को गुनासो/उजुरी सुन्ने प्रभावकारी संयन्त्रको व्यवस्था मिलाइनेछ । कर्मचारीहरुको का.स.मु. लाई कार्य विवरणसंग आवद्ध गरी वस्तुगत, नियमित र प्रभावकारी बनाइनेछ । यसको आधारमा कर्मचारीहरुको आन्तरिक सरुवा, पदस्थापना, तालिम, पुरस्कार, दण्ड र प्रोत्साहनको व्यवस्था गरिनेछ ।

३३. Metric System द्धारा नगरपालिका भीत्रको सडक र घरहरुको नक्साँकन गर्ने कार्य थालिने छ । नगर क्षेत्रका हरेक बस्तिमा सडक विस्तार गरि दमकल लगायतको सेवा पहुच बढाउन अग्रसर हुने नीति अग्रसर हुने

**.<u>कृषि, बन, वातावरण, स्वास्थ्य तथा सरसफाई सम्बन्धी नीति तथा रणनीति :</u>**

३४. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न यस नगरपालिका भित्र रहेका क्याम्पस , विद्यालयहरु र बालविकास केन्द्रहरुको विकास र गुणस्तर सुधारका लागि विद्यालयका सरोकारहरु बिच को व्यापक अन्तरक्रिया बाट आएको निश्कर्ष वमोजिम हुने गरी विशेष कार्यक्रम बनाई लागु गरिनेछ ।

३५. न.पा.को व्यवसाय कर संकलनमा  प्रभावकारिता ल्याउन घरेलु तथा साना  उद्योग कार्यालय, आन्तरिक राजश्व कार्यालय, यातायात व्यवस्था कार्यालय, उद्योग वाणिज्य संघ संग समन्वय गर्दै फर्म नविकरणमा संबन्धित नगरपालिकाको व्यवसायकर चुक्ता गरेको प्रमाण पत्र वा नगदी रसिदलाई अनिवार्य सर्तको रुपमा लागु गर्ने गरी आवश्यक व्यवस्था गरी दिन अनुरोध गर्ने र यसको नीतिगत व्यवस्था गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गरिनेछ

३६. नगरपालिकाको नाममा रहेको सम्पुर्ण चल, अचल सम्पति तथा नगरपालिकाको स्वामित्वमा रहेको सार्वजनिक सम्पति ( सडक , पेटी, फुटपाथ, मन्दिर, प्रर्ती ऐलानी जग्गा आदि) को लगत तयारी तथा अद्यावधिक गरी राखिनेछ । साथै अव देखी हुन सक्ने सम्पूर्ण अतिक्रमणहरु नियन्त्रण गर्न अनुगमन व्यवस्था प्रभावकारी बनाउदै अटेर गर्ने लाई कानुनी दायरामा ल्याउन सम्बन्धीत निकायलाई कार्वाहीका लागि अनुरोध गरिनेछ ।

३७. तत्काललाई करका दर भन्दा दायरा बढाई नगरपालिकाको आन्तरिक आयश्रोतमा क्रमिक रुपमा सुधार गरि भविष्यमा आर्थिक रुपले सम्पन्न र आत्मनिर्भर नगरपालिकाका रुपमा स्थापित गर्ने तर्फ आवस्यक कार्यक्रम वनाई लागु गरिने छ ।

३८. न.पा.को आवधिक योजनाहरुमा जनशक्ति विकास र परिचालनका सन्दर्भमा समेत आवश्यक व्यवस्था गरी  क्षमता विकास योजनाको कार्यान्वयन गरिनेछ ।

३९. मौसमी र वेमौसमी तरकारी तथा फलफुल खेतीको माध्यमबाट गरिवी न्यूनिकरण गर्न सहयोग पुग्ने गरी व्यवशायिक कृषि र जिविकोपार्जन क्षेत्रमा कार्यरत बिभिन्न संघ संस्था र निकायहरुसंग साझेदारी र समन्वयकारी निति अवलम्वन गरिनेछ ।

४०. सिंचाई सुविधा प्रवाहका लागि सिंचाई नहरको स्तरउन्नती र विस्तारको योजनाका लागि पहल गरिनेछ ।

४१. नदी कटान नियन्त्रणका लागि विशेष पहल गरिनेछ ।

## नगरका प्रमुख प्राथमिकता :

नगरपालिकाका प्राथमिकतामा रहेको योजनाहरु :

१. न.पा. कार्यालय भवनका लागी जग्गाको व्यवस्थापन र भवन
२. यातायातका साधनहरु खरिद तथा व्यवस्थापन
३. भौतिक संरचना निर्माणका आयोजनाहरु
४. खुला दिशा मुक्त क्षेत्र,पोषण युक्त ,खोपयुक्त घोषणा कार्यक्रम
५. नगर गुरु योजनाहरु जस्तै : आवधिक योजना,फोहोर व्यवस्थापन योजना,
६ प्राकृतिक श्रोत साधनहरुको संरक्षण तथा प्रयोग
७. लक्षित कार्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत सामाजिक समावेशीकरण
८. बिपद व्यवस्थापनका लागि दमकल सेवा
९.बसपार्क व्यवस्थापन सेवा
१० वातावरण संरक्षण
११ यूवा स्वरोजगार कार्यक्रम तथा खेलकुद विकास
१२ वैज्ञानिक कृषि प्रणाली मार्फत आर्थिक स्तरमा सुधार
१३ सर्वसुलभ स्वास्थ्य एवं शिक्षामा विशेष प्रार्थमिकता
१४. बालमैत्री स्थानिय शासन अवलम्वन

**उपलब्धीहरु :**

१. MTMP र प्रोफायल तयार भएको
२. शहरी स्वस्थ्य केन्द्र स्थापना
३. E- Biling System लागु
४. नागरिक वडा पत्र
५. प्रत्येक वडामा सुचना पाटी टाँस्ने कार्य जारी
६. एकिकृत सम्पत्ती कर लागु गरेको ।

अव म यस नगरपालिकामा गत आ.व. ०७२/०७३ मा सञ्चालन भएका विभिन्न कार्यक्रमको यथार्थ आय व्यय विबरण तथा चालु आर्थिक वर्ष २०७३/०७४ मंसिर सम्मको यथार्थ, २०७३/०७४ को संशोधित अनुमान तथा आगामी आ.ब. २०७४/०७५ को प्रस्तावित बजेट प्रतुत गर्न चाहन्छु ।

| | |
|---|---|
| **गत वर्षको अनुमातिन आय : १०,३७,०८,२३३/-**<br>**गत आ.व.को कुल खर्च :७,५१,७४,९२६/-**<br>**चालु : ७४,९४,४०७/-**<br>**पुजिगत : ३,४४,५०,११९/-**<br>**सामाजिक सुरक्षा : रु. ३,३२,३०,४००/-** | **आगामी आ.व.को कुल वजेट : १५,३६,५२,०००/-**<br>**आन्तरिक आय : १५,३२,०००/-**<br>**न.पा. अनुदान र अन्य आय : १३,८३,३२,०००/-** |
| **चालुआ.व.को मंसिरसम्मको खर्च : २,८५,५९,०७९/२०**<br>**चालु : ३८,०२,०३०/२०**<br>**पुजिगत : १६,५२,९९९/-**<br>**सामाजिक सुरक्षा : २,२६,३१,२००/-**<br>**शहरी स्वास्थ्य : ४,०७,८५०/-**<br>**LGCDP : ६५,०००/-** | **आ.व.२०७४/०७५को खर्च तर्फ :**<br>**भौतिक पूर्वाधार : ७२,००,०००/-**<br>**प्रवर्द्धनात्मक : ४८,००,०००/-**<br>**महिला : २०,००,०००/-**<br>**बालबालिका : ३०,००,०००/-**<br>**पिछडा वर्ग : ३०,००,०००/-**<br>**सम्पुरक कोष : १,२४,००,०००/-**<br>**ठुला पूर्वाधार तर्फ : १००००००००/**<br>**नगर क्षेत्र पुर्वाधार विकास कार्यक्रम : १८१७४०००**<br>**सामाजिक सुरक्षा : ६५००००००**<br>**सिमा विकास कार्यक्रम : ३०,००,०००**<br>**चालु खर्च : ११७२८८००** |

दल, दलका पदाधिकारी ज्युहरु, विकास प्रेमी महानुभावहरु, समाज सेवी, बुद्धीजिवी, सरकारी तथा गै.स.स. निकायका प्रमुख एवं प्रतिनिधी ज्यूहरु, सञ्चारकर्मी महानुभावहरु लगायत अहोरात्र खटिने मेरा सहकर्मी कर्मचारी साथीहरु प्रति समेत आभारका साथ धन्यवाद व्यक्त गर्दै योजना तथा कार्यक्रम कार्यान्वयनमा सवैको क्रियाशिलताको अपेक्षा गर्दछु । साथै सम्पुर्ण नगरवासीहरुलाई नगरपालीकाको उपस्थितीको प्रत्याभुती विकास निर्माण कार्यहरु मार्फत प्रतिफलको रुपमा महसुस गराउन सबै सम्वद्ध सरोकारबालाहरुमा पुनःआग्रह गर्दै यँहाको नतिजामुखी विकासमा सबैको क्रियाशिलताको अपेक्षा गर्दछु ।
अन्तमा, हाम्रो निमन्त्रणालाई स्वीकार गरी आफ्नो अमुल्य समय दिई पाल्नु हुने प्रमुख अतिथी माननीय सिंचाई मन्त्री ज्यू, विशिष्ट अतिथी ज्यूहरु, लगायत सम्पूर्ण महानुभाव ज्यूहरुलाई मेरो व्यक्तिगत तथा न.पा. परिवारको तर्फबाट हार्दिक धन्यावाद व्यक्त गर्दछु ।

## एकिकृत योजना तर्जुमा समिति द्वारा सिफारिस भई नगरपारिषदबाट पारित गरिएका आ.व.२०७४/०७५ मा संचालन हुने योजनाहरू

| क.सं. | भौतिक पुर्वाधार विकास कार्यक्रम | वडा नं. | ७२००००० |
|---|---|---|---|
| | योजनाहरु | | रकम रू |
| १ | सडक ग्रावेल : ईन्द्रिया देखी चमन चौराह होली सिमरा हलौना बाबा सम्म | १ | ६००००० |
| २ | सडक ग्रावेल,माटो पटानी कुटी गाउ बाट भित्र लखराया हुदै चमरौधा सम्म | २ | ७००००० |
| ३ | कल्र्भट निर्माण : फाटा टोल देखी सिन्नेकोट जाने बाटोमा | ३ | ७००००० |
| ४ | काढा भंखुलाल चौधरीको खेत देखी धसी हुदै हुलाकी सडक सम्म ग्रावेल | ५ | ७००००० |
| ५ | विद्युति विस्तारका लागी रजवारा चौकमा ट्रान्समिटर खरिद सहित | ६ | ६००००० |
| ६ | मुक्त कमैया शिविर मधुवन वस्तीमा सडक ग्राभेल | ७ | २००००० |
| ७ | सडक ग्राभेल रामनाथ उपाध्यायको घर देखि पिपल चौतारा सम्म, रामकुमारको घर देखि ज्ञान बहादुर शाहको घर जाने बाटो, टिकाराम चौधरीको घर देखि यज्ञ खत्रीको घर सम्म, केशव जोशी को घर देखि सनराईज स्कुल सम्म र मनकामना फोटो स्टुडियो देखि ईलाका वन हुदै वाल विकास सम्म | ७ | ६००००० |
| ८ | जम्नेटा नालामा पक्की पुल निर्माण | ८ | ७००००० |
| ९ | राजीपुरको नालामा पक्की पुल निर्माण | १० | ११००००० |
| १० | सडक ग्रावेल : कुडी देखी पहलमान बगिया टोल देखी पश्चिम | ११ | ७००००० |
| ११ | सडक ग्रावेल : दिदी वहिनी शिविर भुरूवामा | १२ | ६००००० |

| | | | |
|---|---|---|---|
| | **प्रर्वधानात्मक कार्यक्रमका योजनाहरू** | वडा नं. | ४८००००० |
| १ | ईन्द्रिया नाला देखी दक्षिण परैना तालको विच हुदै मोहना नदी सम्म पानी निकासको लागी कुलो निर्माण | १ | ३००००० |
| २ | अधुरो कर्मेश्वर सामुदायिक भवन | २ | ३५०००० |
| ३ | सरस्वती सा.व.मा काटेतार | ३ | २००००० |
| ४ | हुलाकी रोड देखी नया वस्ती सम्मको सडकमा माटो पटानी र ग्रावेल | ४ | ९००००० |
| ५ | कषि सडकमा ग्रावेल माटो पटानी पेरहनी देखी पुर्व दक्षिण सम्म | ५ | ३००००० |
| ६ | केदारेश्वर नि.मा.वि.को पर्खाल निर्माण | ६ | ५००००० |
| ७ | खेल मैदान निर्माण ढौठिनिया | ७ | ६००००० |
| ८ | सडक ग्रावेल : पचमुडिया, हिम्मतपुर डोगंपुर, आमवारी | ९ | ७००००० |
| ९ | युवाका जिवीकोपार्जनका लागी कम्पियुटर ५र१०लाई टेलीपावर सम्बन्धि तालिम | १० | २००००० |
| १० | धनौरा को खेल मैदान | | २००००० |
| ११ | सडक ग्रावेल : गुप्तेश्वर चौक देखी राम बहादुर चौधरीको घर सम्म | १२ | ३००००० |
| १२ | नगरपालिकाको आन्तरिक आयश्रोत वृद्धि सम्बन्धि कार्यक्रम | | २५०००० |
| | **महिला विकास सम्बन्धि कार्यक्रम** | वडा नं. | रकम रू |
| क्र.सं. | **पुर्वाधार** | | **६०००००** |
| १ | गाउघर क्लीनिकको अधुरो भवन निर्माण | ६ | २५०००० |
| २ | महिला शशक्तिकरण अधुरो भवन | ३ | १००००० |

| | | | |
|---|---|---|---|
| ३ | अधरो महिला सामुदायिक भवन निर्माण | २ | २५०००० |
| | | | ० |
| | **महिला विकास सम्बन्धि कार्यक्रम** | वडा नं. | रकम रू |
| क.सं. | **सामाजिक क्षमता विकास** | | **४५००००** |
| १ | लोक सेवा तयारी कक्षा न.पा.का २४ जना महिला | १–१२ | १५०००० |
| २ | महिला स्वास्थ्य स्वम सेविकालाई प्रोत्साहन कार्यक्रम | ७ | १५०००० |
| ३ | महिला हिंसा विरूद्ध न.पा. भरीका महिला हरूका लागी प्रत्येक वडा बाट ५ जना का दरले ६० जना महिलालाई तालिम | १० | १५०००० |
| | **महिला विकास सम्बन्धि कार्यक्रम** | वडा नं. | रकम रू |
| क.सं. | **आर्थिक सिप विकास** | | **४५००००** |
| १ | नागरिक सचेतना केन्द्रका सहभागीहरू मध्यका ६ जना महिला हरूका लागी फास्टफुड तालिम सहीत ठेलागाढा वितरण | | २००००० |
| २ | न.पा. भरीका ६० जना महिलाहरू लाई हाते कढाई तालिम | | २५०००० |
| | | | ० |
| | **महिला विकास सम्बन्धि कार्यक्रम** | वडा नं. | रकम रू |
| क.सं. | **संस्थागत विकास** | | **५०००००** |
| १ | खैलाड स्वास्थ्य चौकीमा प्रसुतिगृह | १२ | ५००००० |
| | **वालवालिका सम्बन्धि कार्यक्रम** | वडा | रकम रू |

| क.सं. | पुर्वाधार विकास | नं. | १९५०००० |
|---|---|---|---|
| १ | शहरी स्वास्थ्य केन्द्रमा पक्कि गोल घर निर्माण र फर्निचर उपकरण तथा औषधी खरिद | १ | १५०००० |
| २ | सरस्वती शिशु सदन भवन | ३ | १५०००० |
| ३ | वाल विकास अधुरो भवन निर्माण | ४ | १५०००० |
| ४ | मर्दशा विद्यालय बालबिकास भवन निर्माण कांढामा | ५ | १५०००० |
| ५ | शैलेश्वरी बालबिकास घेरबार | ६ | १५०००० |
| ६ | प्रतिभा बालबिकास केन्द्रका बादबालिका लागी | ७ | १५०००० |
| ७ | नमुना वालविकास केन्द्रको अधुरो भवन निर्माण | ८ | १५०००० |
| ८ | सामुदायिक भवन निर्माण डोगंपुर | ९ | १५०००० |
| ९ | कुडीको खोप केन्द्रमा शौचालय र घेरवार | ११ | १५०००० |
| १० | राष्टिय मा.वि. पचमुडियाको अधुरो पर्खाल निर्माण र खेल मैदान मर्मत | ९ | ६००००० |
|  | **वालवालिका सम्बन्धि कार्यक्रम** | वडा नं. | रकम रू |
| क.सं. | **सामाजिक क्षमता विकास** |  | **३०००००** |
| १ | जन्म दर्ता अभियान, वालविवाह, छाउपडी प्रथा, अनाथ टुहुरा वालवालिकालाई शैक्षिक सहयोग, वाल दुर्व्यसनी, किशोरकिशोरी नेतृत्व विकास,वाल कोष |  | ३००००० |
|  | **वालवालिका सम्बन्धि कार्यक्रम** | वडा नं. | रकम रू |
| क.सं. | **संस्थागत विकास** |  | **७५००००** |

| | | | |
|---|---|---|---|
| १ | सुर्यमुखि बालबिकास केन्द्र भगतपुरको अधुरो भवन | २ | १५०००० |
| २ | रा.मा.वि खैलाड अधुरो फर्निचर र छाना | १० | १५०००० |
| ३ | शिवाव पा.वि गन्जहवा तारबार | १२ | १५०००० |
| ४ | जनता सामुदायिक पुस्तकालय | | १००००० |
| ५ | नगरस्तरीय खेलकुद कार्यक्रम | | २००००० |
| क्र.सं. | **आर्थिक सामाजिक रूपले पछी परेका वर्गका कार्यक्रम** | वडा नं. | रकम रू |
| | **पुर्वाधार** | | **१२५००००** |
| १ | अधुरो मधेसी सामुदायिक भवन निर्माण | १ | ३५०००० |
| २ | दलित एकता समाज कुटीको अधुरो भवन निर्माण | २ | २००००० |
| ३ | करबला मर्मत घेरवार | ५ | २५०००० |
| ४ | थारू संग्रालय को भवन निर्माण खैलाड नसरी | १० | ४५०००० |
| क्र.सं. | **आर्थिक सामाजिक रूपले पछी परेका वर्गका कार्यक्रम** | वडा नं. | रकम रू |
| | **सामाजिक क्षमता विकास** | | **६०००००** |
| १ | दलित सम्बन्धि विशेष अधिकारमा आधारित विवेदयूक्त प्रचलन मानव अधिकार निति कानुनी बारे चेतना अभिवृद्धि कार्यक्रम | १ | १५०००० |
| २ | २ देखी १२ सम्म अपागंता सम्बन्धि जनचेतना | | ५०००० |
| ३ | १ देखी १२ सम्मका अपागं विधार्थी हरू लाइ छात्रवृति प्रदान | | १००००० |

| | | | |
|---|---|---|---|
| ४ | जेष्ठ नागरिकहरूका लागी स्वास्थ्य शिविर | | ३००००० |
| क्र.सं. | **आर्थिक सामाजिक रूपले पछी परेका वर्गका कार्यक्रम** | वडा नं. | रकम रू |
| | **आर्थिक सिप विकास** | | **७०००००** |
| १ | आदीवासी जनजाती का लागी हातेकढाई | १ | ४५०००० |
| २ | १ देखी १२ सम्मका अपागंता भएका १२ व्यक्तिलाई कम्प्युटर तालिम | | १५०००० |
| ३ | लोक पंचेवाजा संरक्षण र खरीद वडा नं. ६ | ६ | १००००० |
| क्र.सं. | **आर्थिक सामाजिक रूपले पछी परेका वर्गका कार्यक्रम** | वडा नं. | रकम रू |
| | **संस्थागत विकास** | | **४५००००** |
| १ | दलित कृषि सहकारी संस्था कार्यालय व्यस्थापन वडा नं ८ | ८ | ३००००० |
| २ | त्रिवेनी अपागं संघका लागी कार्यालय सामाग्री | ७ | १५०००० |
| क्र.सं. | **सीमा क्षेत्र विकास कार्यक्रम** | वडा नं. | रकम रू |
| क. | पुजीगत लगानी क्षेत्रका योजनाहरू : | | **१६१००००** |
| १. | क्रमागत ठेकीपुर देखि कुसुमघाट सम्म जाने बाटो पिच गर्ने | ४ | ८०५००० |
| २. | क्रमागत अमर प्रा.वि.देखि कालापातल सम्म जाने बाटो पिच गर्ने | २,३ | ८०५०००<br>० |
| ख. | चालु लगानी क्षेत्रका योजनाहरू : | | **१३७१०००** |
| १. | क्रमागत शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण | १ | १३७१०००<br>० |

| क्र.सं. | शिर्षकगत योजनाहरु | | रकम रू |
|---|---|---|---|
| १ | **भौतिक पुर्वाधार विकास कार्यक्रम** | | ७२०००००० |
| २ | **प्रर्वधानात्मक कार्यक्रम** | | ४८०००००० |
| ३ | **महिला लक्षित कार्यक्रम** | | २०००००० |
| ४ | **वालवालिका लक्षित कार्यक्रम** | | ३०००००० |
| ५ | **आर्थिक सामाजिक रूपले पछी परेका वर्गका लक्षित कार्यक्रम** | | ३०००००० |
| | **कुल जम्मा रकम रू.** | | **२००००००००** |

## नेपाल जलवायू परिवर्तन (लापा) कार्यक्रम

| क्र.सं. | योजनाको नाम | वडा नं. | बजेट |
|---|---|---|---|
| | **कृषि पशु तथा खाधसुरक्षा** | १ | |
| १ | वोरिगं जडान १,२र३ | ९वटा | १३,५०,०००। |
| | **वन व्ययस्थापन** | | |
| | बृक्षारोपण वडा न. २,३ | ५ ठाउमा | २००००० |
| | **वैकल्पिक उर्जा १** | | |
| १ | सोलार जडान १,२ र ३ | ३० | ३,००,०००। |
| | **जलवायूजन्य प्रकोप र भौतिक संरचना १,२ र ३** | | |
| १ | कच्ची डयाम निर्मार्ण वडा नं १ | | १६,१०,०००। |
| २ | कल्भर्ट निर्माण वडा नं १ | | १५,९०,०००। |
| ३ | नदि टटवन्धन वडा नं. २ लालवोझी | | १६,२०,०००। |
| ४ | पक्की पर्खाल तथा ह्यूमपाइप जडान वेलाह | | १५,८०,०००। |

| | | | |
|---|---|---|---|
| ५ | कच्ची डयाम निर्मार्ण वडा नं ३ | | १५,००,० ००। |
| | **मानवीय स्रोत क्षमता विकास र जिविकोपार्जन** | | |
| १ | मोटरसाईकल तथा पावर टिलर मर्मत तालिम | १,२ र३ | १,५०,०० ०। |
| | **मानव स्वास्थ्य** | | |
| १ | स्वास्थ्य शिविर | १,२,३ | ३,००,०० ०। |
| | **कृषि पशु तथा खाधसुरक्षा** | | |
| १ | वोरिगं जडान ४,५,६,७ र ८ | ५ ठाउमा | ७,५०,०० ०। |
| | **वन व्ययस्थापन** | | |
| १ | गोठालो शिक्षा कायक्रम सबै वडामा | | १,५०,०० ०। |
| २ | नर्सरी उत्पादन र वितरण | इलाका बनमा | ५,००,०० ०। |
| | **वैकल्पिक उर्जा १** | | |
| १ | गोवर ग्यास सवै वडामा | १० वटा | ४,००,०० ०। |
| | **जलवायूजन्य प्रकोप र भौतिक संरचना १,२ र ३** | | |
| १ | राप्ती नालामा पुल निर्माण | ४ | ३०,००,० ००। |
| २ | राप्ती नालामा झरन सफाइ | ४ देखि ८ | १५०००० ० |
| ३ | पक्की तट्बन्ध | ४,५,६र७ | ४०००० ०० |
| | **मानवीय स्रोत क्षमता विकास र जिविकोपार्जन** | | |
| १ | मोटरसाईकल मर्मत तालिम | ४ देखी ८ | २००००० |
| | **मानव स्वास्थ्य** | | |

| | | | |
|---|---|---|---|
| १ | स्वस्थ्य सिविर | ४ देखी ८ | ३००००० |

## एकिकृत योजना तर्जुमा समिति द्धारा सिफारिस भई नगरपारिषदबाट पारित गरिएका आ.व.२०७४/०७५ मा संचालन हुने योजनाहरू

| क्र. सं. | **ठूला** भौतिक पुर्वाधार विकास कार्यक्रम | **रकम रु=** |
|---|---|---|
| | **योजनाहरु** | |
| १ | भजनी त्रिशक्ति न=पा= ४ पडरिया देखि हुलाकी सडक जोड्ने सडक पीच लाई क्रमागत | १करोड |
| | **नगरक्षेत्र विकास** कार्यक्रम **बाट** | |
| | **योजनाहरू** | |
| १ | भजनी बजार देखि दूर संचार हुँदै कृषि विकास बैंक जोड्ने सडक पीच क्रमागत | ७६लाख ७४हजार |
| २ | भजनी त्रिशक्ति न=पा= ४ को राप्तिनाला कुसुमघाट नयावस्तीमा पक्कीपुल निर्माण | ३५लाख |
| ३ | महुन्याल बहुमुखी क्याम्पसको भवन निर्माण | ३५लाख |
| ४ | महिला सुरक्षित भवन निर्माण | ३५लाख |

## न.पा.को आन्तरिक श्रोत बाट आ.व.२०७४/०७५ मा संचालन हुने योजनाहरू

| शिर्षक | क्र.सं. | **योजनाहरु** | **रकम रु=** |
|---|---|---|---|
| प्रवर्धनात्मक योजनाहरू | १ | ईलाका वन कार्यालय भजनी घेरवार | १५०००० |
| | २ | विपद व्यवस्थापन | २००००० |
| | ३ | न.पा.कर्मचारी तालिम | १००००० |

| | | | |
|---|---|---|---|
| | ४ | न.पा.कार्यालय व्यवस्थापन | १००००० |
| | ५ | उधोग वाणिज्य संघ कार्यालय व्यवस्थापन | १५०००० |
| | ६ | वडा नं. ६ मिलन वस्तीमा सार्वजनिक शौचालय | १५०००० |
| | ७ | संचार तथा सामाजिक परिक्षण | २००००० |
| | ८ | विविध | ५००००० |
| **पुर्वाधार योजना** | १ | प्रहरी चौकी गन्जहुवा पंखा,दराज र झयाल् | ५०००० |
| | २ | पृथीपुर सिमा प्रहरी चौकी गोलघर निर्माण | ५०००० |
| | ३ | ह्युमपाईप खरिद,विद्युतपोल खरिद | १५००००० |
| | ४ | सडक मर्मत सम्भार | १०००००० |
| | ५ | पुनुरामको घरदेखि राप्तीपुल सम्म बाटो पटानी तथा ग्राभेल | ४००००० |
| | ६ | महुन्याल सा.व. देखि पडरिया बोगटीको फड सम्म बाटो ग्राभेल | १००००० |
| | ७ | डोंगपुर धनीराम को घरदेखि बाटो ग्राभेल | १००००० |
| **वालवालिका लक्षित कार्यक्रम** | १ | डल्फिन तथा वातावरण अभिमुखिकरण कार्यक्रम | २५००० |
| | २ | वालमैत्री वडा न.पा. घोषणा सुचक सम्बन्धि कार्यक्रम | १००००० |
| | ३ | प्रगती वाल विद्यालयमा फर्निचर खरिद | ५०००० |
| **विपन्न लक्षित कार्यक्रम** | १ | पशु सेवा केन्द्रको आयआर्जन कार्यक्रम | ५०००० |
| | २ | राजीजाति कार्यक्रम | १००००० |
| **महिला लक्षित कार्यक्रम** | १ | प्रा.स्वा.केन्द्र भजनीमा औषधि,औजार खरिद, पुर्ण खोपयुक्त,वाल स्वस्थ्य र मातृशिशु स्वास्थ्य कार्यक्रम | २००००० |
| | २ | भजनी महुन्याल सा.व. नजिक कालिका सामुदायिक भवन | १५०००० |
| | ३ | वडा नं. ४ कुसुमघाटमा गाउघर क्लिनिक | २५००० |
| | | **जम्मा** | **५४५००००** |